# *बाइबलीय आधारभूत सिद्धान्त*

Notes by Franklin

I. परमेश्वर

परमेश्वरको अस्तित्व

परमेश्वरको गुणहरु

त्रिएकत्व परमेश्वर

II. मानिस

मानिसको उत्पति

मानिस सिद्ध रुपमा सृजिएको थिया।

परमेश्वरले किन मानिसलाई बनाउनुभयो ?

III. पाप

पाप भनेको के हो ?

पापको उत्पति

संसारमा कसरी पापको प्रवेश भयो ?

पापको नतिजाहरु

IV. मुक्ति

परिचय

मुक्तिदाता – येशू ख्रीष्ट

येशू ख्रीष्टको ईश्वरियता

मानिस बन्नुभयो

येशू ख्रीष्टको मृत्यु र रगत बहाई

मेरो स्थान लिनुभयो – मेरो प्रतिनिधी

मेरो पापलाई क्षमा गर्नुहुन्छ

मलाई छुटाउनुहुन्छ

मलाई सिद्‌घ तुल्याउनुहुन्छ

मलाई पुर्नमिलाप गराउनुभयो

मलाई शुद्‌घ गराउनुभयो

मलाई निको पार्नुभयो

यदि कुनै मानिसले येशू ख्रीष्टमा विश्वास गर्योभने के हुन्छ ?

पाप देखि परमेश्वरलाई येशू ख्रीष्टको रगतले मात्र सन्तुष्ट राख्छ ।

मुक्तिदाताको पुर्नरुत्थान

बिराजमान हुनुभएको मुक्तिदाता
मुक्तिदाताबाट मुक्ति प्राप्त गर्नु
उद्धारको भूतकाल, वर्तमानकाल र भविष्यकाल

# I. परमेश्वर

**क) परिचय:** **यर्मिया ९:२४** **दानियल ११:३२** **होशे ६:३, ६** **यूहन्ना १७:३**

**ख) परमेश्वरको अस्तित्व** **हिब्रू ११:६** **उत्पत्ति १:१**

१) परमेश्वरको अस्तित्व छ भनी हरेक मानिसलाई थाहा छ । रोमी १:१८–३२

२) "तथ्य र कारण" तर्कलाई हेर्दा, हरेक कुरा जुन अस्तित्वमा छ त्यो सबै उसको सृष्टिकर्ताको कारणले नै हो। हामीसँग घड़ी छ, त्यो घड़ी बनाउने व्यक्ति पक्कै छ । हामीसँग पुस्तक छ, त्यो पुस्तक लेख्ने लेखक पनि पक्कै छ । हामीसँग सृष्टि छ, त्यसकारण पक्कै पनि बनाउने सृष्टिकत्र्ता हुनुपर्दछ । जसरी बिना लेखक शब्दले किताब उत्पादन गर्न सक्दैन त्यसरी नै बुद्धीमान र व्यक्तिगत सृष्टिकर्ता बिना यो सृष्टि अस्तित्वमा आउन सक्दैन।

३) भजनसंग्रह १४:१ **मूर्खले आफ्नो मनमा भन्छ, "ईश्वर छदैछैन ।"**

**ग) परमेश्वरको गुणहरु– परमेश्वर असिमित हुनुहुन्छ – सिमारहित**

**१) अनन्त– समयमा सिमित नभएको – अनन्त जीवन**

- उत्पत्ति १:१ "आदिमा परमेश्वरले" प्रकाश २२:१३
- यशैया ९:६ "अनन्तका पिता"
- हिब्रू ९:१४ "अनन्तको आत्मा"
- हिब्रू १:८ "पुत्र ... सधैँ भरि"
- यूहन्ना १:४; ५:२६ प्रेरित १७:२५
- यशैया ४२:५ १ तिमोथी १:१७; ६:१६

२) सर्वशक्तिमान – शक्तिमा सिमित नभएको– सबैका सृष्टिकर्त्ता

- उत्पत्ति १:१ स्वर्ग र पृथ्वी
- उत्पत्ति १७:१ एल्सादाई – सर्वशक्तिमान परमेश्वर

- उत्पत्ति १८:१४ “के परमेश्वरको निम्ति कुनै कुरा कठीन छ र ?”
- अयूब २६:७ “उहाँले पृथ्वीलाई शुन्यतामा झुण्डाउनुभएको छ ।”
- मत्ती १९:२६ “... परमेश्वरमा सबै कुराहरु सम्भव छन् ।”
- लूका १:३७ “परमेश्वरमा कुनै कुरा असंम्भव छैन ।”
- भजनसंग्रह १०३:१९ उहाँको सर्वभौमताले सबैमाथि राज्य गर्दछ ।
- यशैया ४२:५,४३:१०–१३,४५:१२, १८; ४८:१२–१३

**३) सर्वज्ञानी– बुद्धि र ज्ञानमा उहाँ सिमित हुनुहुन्न।**

- यशैया ४०:२८ भजनसंग्रह १४७:५ रोमी ११:३३
- तारापुन्जहरुको क्रम; आकाशमा उड्ने चराहरू, पानीको माछा

**४) सर्वव्यापी – उहाँ क्षेत्र वा सिमानामा सिमित हुनुहुन्न।**

- भजनसंग्रह १३९:७–१० , हिब्रू ४:१३

**५) उहाँ धार्मिकतामा सिमित हुनुहुन्न** (सहि नैतिक)

- लेवी ११:४५; १९:२
- होशे १४:९
- यशैया ६:३; १पत्रुस १:१४–१६; २:२१–२२ प्रकाश ४:८

**६) उहाँ न्यायमा सिमित हुनुहुन्न** (सहि वैधिनिक)

त्यसैकारण उहाँले अनाज्ञाकारिता र पापलाई न्याय र दण्ड दिनुपर्छ ।

- यूहन्ना ५३०; ८:१६ रोमी ३:४, २६
- भजनसंग्रह ५१:४ हितोपदेश ११:१ लेवी १९:३५–३६

**७) असिमित प्रेम**

- १ यूहन्ना ४:८ १ कोरिन्थी १३:४–८
- हितोपदेश १०:१२ त्यसैकारण परमेश्वरले आफ्नो पुत्रलाई दोषी तुल्याएर हाम्रो पाप क्षमा गर्नुभयो ।
- एफिसी २:४–८ उहाँको प्रेमबाट दया र अनुग्रह आउँछ ।

**घ) परमेश्वरको व्यक्तित्व** **वहाँको व्यक्तित्वको अद्धितियता**

१ थेसलोनिकी १:९ “....जिउदो र सत्य परमेश्वर।”

१. परमेश्वरले प्रेम गर्नुहुन्छ मत्ति ५:४४–४५

२. परमेश्वरले घृणा गर्नुहुन्छ हितोपदेश ६:१६
३. परमेश्वरले वास्ता गर्नुहुन्छ १ पत्रुस ५:७
४. परमेश्वर दुःखी हुनुहुन्छ उत्पति ६:६
५. परमेश्वर डाहि हुनुहुन्छ प्रस्थान ३४:१४
६. परमेश्वर दयालु हुनुहुन्छ व्यबस्था ४:३१ विलाप ३:२२
७. परमेश्वर कृपालु हुनुहुन्छ २ कोरिन्थी १:३ एफिसी २:४ लूका ६:३६
८. परमेश्वर भला हुनुहुन्छ भजनसंग्रह २५:८ लूका ६:३५,१८:१९ एफिसी ५:९
९. परमेश्वर विश्वासयोग्य हुनुहुन्छ १ कोरिन्थी १:९, १०:१३ १ थेसलोनिकी ५:२४ हिब्रु १०:२३
१०. परमेश्वर दिने परमेश्वर हुनुहुन्छ यूहन्ना ३:१६, लूका ११:१३, २ तिमोथी ३:१६, २ तिमोथी २:२५, रोमी ६:२३, १ पत्रुस ५:५, मत्ती ११:२८, याकुब १:५, १ कोरिन्थी १५:५७, भजनसंग्रह १३६:२५

**ङ) परमेश्वरको नामहरु**

| | | |
|---|---|---|
| एलोहिम बहुवाचक | परमेश्वर | उत्पत्ती १:१ |
| एल एल्योन | अति उच्च परमेश्वर | उत्पत्ती १४:१८ |
| एल गिबोर | शक्तिमान परमेश्वर | यशैया ९:६, व्यबस्था १०:१७ |
| एल्सादाई | सर्वशक्तिमान परमेश्वर | उत्पत्ती १७:१-२, प्रस्थान ६:२ |
| एल ओलाम | अन्नतताको परमेश्वर | उत्पत्ती २१: ३३ |
| यहोवा | परमेश्वर | प्रस्थान ३:१४, ६: २-३, यशैया ४२:८ |

यहोवा शब्द **हाया** भन्ने क्रियाबाट आएको हो जसको अर्थ “म हुँ”

| | | |
|---|---|---|
| यहोवा रोय | परमेश्वर मेरो गोठालो | भजनसंग्रह २३:१ |
| यहोवा मेलेक | परमेश्वर मेरो राजा | यशैया ६:५ |
| यहोवा सबोथ | सेनाहरुका परमेश्वर | यहोशू ५:१४ |
| यहोवा यिरे | पुरा गर्नुहुने मेरो परमेश्वर | उत्पत्ती २२:१४ |
| यहोवा निस्सी | परमेश्वर मेरो झण्डा | प्रस्थान १७:१५ |

| | | |
|---|---|---|
| यहोवा राफा | निको पार्नु हुने मेरो परमेश्वर | प्रस्थान १५:२६ |
| यहोवा शालोम | मेरो परमेश्वर शान्तिको परमेश्वर हुनुहुन्छ | न्यायकर्ता ६:२४ |
| यहोवा शम्मा | परमप्रभु त्यहा हुनुहुन्छ | इजकिएल ४८:३५ |
| यहोवा सिद्नी | परमेश्वर मेरो धार्मिकता | यर्मिया २३:६ |
| अदोनाई | प्रभु वा मालिक | उत्पत्ती १५:२ |

**परमेश्वरको त्रिएकत्व**

**१. परिचय**

**त्रिएकत्व**को अर्थ एउटै परमेश्वर भित्र र पुर्णतामा तिन व्यक्तिहरु: पिता, पुत्र र पवित्र आत्मा ।

व्यवस्था ६:४

"हे इस्राएल ! सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ !"

तीन व्यक्तिहरुमा एउटा परमेश्वर प्रकट हुनुभएको छ: पिता, पुत्र र पवित्र आत्मा

एफिसी ४:४–६ "शरीर एउटै छ, र **पवित्र आत्मा एउटै** हुनुहुन्छ – जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलाबटसँग गाभिएको छ– **एउटै प्रभु**, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका **एउटै परमेश्वर** र पिता, जो सबैमाथि सबैका मध्य र सबैमा हुनुहुन्छ ।" यी सबैले एकता बारे भन्दछ ।

विचारमा, उद्देश्यमा, सहमतिमा, कार्यमा र काममा एउटै ।

**२. पुरानो नियममा त्रिएकत्व**

पुरानो नियममा त्रिएकत्वको सिद्धान्तबारे स्पष्ट छैन तरै पनि त्यहाँ यसबारे अवश्य कुरा गरिएको छ ।

**१) त्रिएकत्वको तीन व्यक्तिलाई बहुवचनको प्रयोगद्वारा उद्धृत गरिएको छ ।**

- उत्पत्ति १:१ **"आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो ।"**

  परमेश्वर– एलोहिम– हिब्रूमा– बहुवचन

  नयाँ नियमले हामीलाई बताउँदछ कि परमेश्वरको पुत्रले संसारलाई सृष्टि गर्नभयो ।
  उत्पत्तिको परमेश्वर १:१ र परमेश्वरको पुत्र एउटै हुनुहुन्छ ।
  यूहन्ना १:३, १०; एफिसी ३:९ कलस्सी १:१६; हिब्रू १:२

- उत्पत्ति १:२६ **"अनि परमप्रभुले भन्नुभयो, हामी मानिसलाई आफ्नै स्वरूपमा बनाऔं ...."**
- उत्पत्ति ३:२२ **"हेर, मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ ...।"**
- यशैया ६:३ **"पवित्र, पवित्र, पवित्र" (पिता, पुत्र र पवित्र आत्मा)**
- यशैया ६:८ **"म कसलाई पठाउँ, र हाम्रो निम्ति को जाने ?"**

**२) परमेश्वरले आफूलाई धैरै नामहरुद्वारा बोल्नु र प्रकट गर्नु भएको छ ।**

- प्रायजसो परमेश्वरको **आत्मा** भनी बताइएको छ । उदाहरण उत्पत्ति १:२
- परमेश्वरको **पुत्रलाई** "मेरो दास" भनी उद्धृत गरिएको छ । यशैया ५२:१३–५३
- यशैया ९:६ अब जन्मनुहुने "शक्तिशाली प्रभु" र "पिता" हुनुहुनेछ ।

**३. नयाँ नियममा त्रिएकत्व**

लूका १:३०–३५
अवतार : **पुत्र** (१) – **सर्वशक्तिमान**को (२)– **पवित्र आत्मा**द्वारा गर्वधारणहुनुभयो (३) ।
भजनसंग्रह २:७; यशैया ४२:१ पूरा गर्दै

मत्ती ३:१६–१७, यहाँ **ख्रीष्ट** जो पानीको बप्तिस्मा लिनुभयो, **पिता** जो स्वर्गबाट बोल्नुभयो र **पवित्र आत्मा** जो ढुकुरको रूपमा ओर्लनुभयो हामीसंग हुनुहुन्छ । हामीले बप्तिस्मा लिदाँ "पिता, पुत्र र पवित्र आत्माको" नाममा लिनुपर्दछ – नामहरूमा होइन (मत्ती २८:१९)

क) **पिता, परमेश्वर** भनि चिनिनुभएको छ ।
यूहन्ना १७:३ , रोमी १:७, यशैया ९:६, १पत्रुस १:२, यूहन्ना १:१८

ख) **येशू ख्रीष्टको ईश्वरत्व– उहाँ परमेश्वर हुनुहुन्छ ।**

१) पुरानो नियमको यहोवा नयाँ नियमको येशू हुनुहुन्छ ।
यशैया ४४:६; ४१:४; ४८:१२; प्रकाश १:८, १७, २२:१३

२) उहाँ अनन्त हुनुहुन्छ । परमेश्वर मात्र अनन्त हुनुहुन्छ ।
१तिमोथी १:१७; ६:१४–१६ मीका ५:२ हिब्रू १३:८

३) उहाँ परमेश्वर हुनुहुन्छ र सबै थोक **बनाउनुभयो** ।

यूहन्ना १:१-४, १४, १८ कलस्सी १:१६

४) उहाँले सबै कुरा नियन्त्रण गर्नुहुन्छ : हिब्रू १:३ कलस्सी १:१७

५) उहाँमा ईश्वरत्वको सम्पूर्णता वास गर्दछ : कलस्सी २:९

६) परमेश्वरको समानता र स्वरूपमा अस्तित्वमा आउनुभयो : फिलिप्पी २:६

उहाँलाई मानिस वा स्वर्गदूत हो भनि भन्न मिल्दैन, कतिले उहाँलाई स्वर्गदूत झै पहिले देखीको अस्तित्वमा रहेको सुझाब दिन्छन् । विचार गरौं : हिब्रू २:१६

७) यूहन्ना ८:५१-५९ प्रस्थान ३:१४ ले उहाँको पहिले देखीको अस्तित्व र उहाँ पुरानो नियमको यहोवा हुनुहुन्छ भनि बताउछँ ।

८) पितादवारा परमेश्वर भनी बोलाइएको । हिब्रू १:८, तीतस २:१३

९) पाप क्षमा गर्नुहुन्छ । परमेश्वरले मात्र पाप क्षमा गर्नसक्नुहुन्छ । लूका ५:२०-२४

१०) उहाँमा स्वर्ग र पृथ्वीको सबै शक्ति छ भनी भनिएको छ । परमेश्वरमा मात्र सबै शक्ति छ । मत्ती २८:१८

११) येशूले आफुलाई परमेश्वरको पुत्र र प्रभु हुँ भनी दावी गर्नभुएको छ ।
मत्ती २२:४२-४५ लूका २२:६७-७०; २३:३

१२) चेलाहरूले त्रिएत्वबारे प्रचार गरे : प्रेरित २:३२-३३ ५:२९-३२ १०:३८

उहाँ पानीमाथि हिँड्नुभयो । आँधीबेहरी र बतासले उहाँको आज्ञा माने । बिरामीहरूलाई निको पार्नुभयो । मरेकालाई बिउँताउनुभयो । अन्धालाई दृष्टि दिनुभयो । बहिरालाई सुन्ने सक्ने बनाउनुभयो । लङ्गडाहरूलाई हिँड्ने बनाउनुभयो । दुष्टआत्माहरूलाई भगाउनुभयो । पानीलाई दाखरसमा परिवर्तन गर्नुभयो र सानो केटाको खानाबाट पाँचहजार मानिसलाई खुवाउनुभयो ।

**ग) पवित्र आत्माको ईश्वरत्व- उहाँ परमेश्वर हुनुहुन्छ ।**

**पवित्र आत्मा** परमेश्वर भनी चिनिनुभएको छ । प्रेरित ५:३-४

परमेश्वरको सम्पूर्ण ईश्वरत्वले मानिसमाथि कार्य गर्दछ । मानिसलाई पापको कायल गराउँदछ

यूहन्ना १६:७–११

विश्वासीलाई सबै सत्यतामा डोर्याउँदछ : यूहन्ना १६:१२–१५

पवित्र आत्मा **प्रभु** र **परमेश्वर** हुनुहुन्छ :
२ कोरिन्थी ३:१७; यूहन्ना ४:२४; प्रेरित ५:३–४

- सर्वव्यापी भजनसंग्रह १३९:७–१० (आत्माहरू होइन)
- सर्वशक्तिमान यूहन्ना ६:६३ २ कोरिन्थी ३:६ अयूब ३३:४
- सर्वज्ञानि १ कोरिन्थी २:९–१२
- अनन्त हिब्रू ९:१४

घ) **पिता, पुत्र र पवित्र आत्माको एकरूपता र एकता ।**

यूहन्ना ४:२४ "परमेश्वर आत्मा हुनुहुन्छ"
यूहन्ना ६:३६ "जीवन दिने आत्मा उहाँ नै हुनुहुन्छ"
यूहन्ना १:४ "उहाँमा (वचन) जीवन थियो"
यूहन्ना १४:१७ "सत्यताको आत्मा"
यूहन्ना १४:६ "बाटो, सत्य र जीवन म नै हुँ"
१कोरिन्थी १५:४५ "पछिल्लो आदम जीवन दिने आत्मा बन्नुभयो ।"
रोमी ८:२, ९–११
जीवनको आत्मा = परमेश्वरको आत्मा = ख्रीष्टको आत्मा = पिताको आत्मा

ङ) **पिता र पुत्रको एकरूपता र एकता**

यूहन्ना १०:३०,३१, ३३, ३८, १२:४५; १४:७–१०; १७:२१–२३

जिजस ओन्लीहरूको शिक्षाले "परमेश्वरको एकता" लाई प्रहार गर्दछ र यो वचनको प्रकाशको विरुद्धमा छ । आफ्नो पुत्रको आदर र महिमामा पिताले डाह गर्नुहुन्न, उहाँ रमाउनुहुन्छ !

पुत्रको आदर र महिमामा पवित्र आत्माले डाह गर्नुहुन्न र उहाँ पनि रमाउनुहुन्छ ।

त्रिएकत्वको हरेक व्यक्तित्वले आफ्नो व्यक्तिगत महिमा वा परिचय खोज्नुहुन्न तर अरु सदस्यलाई उचाल्ने र उठाउने काम गर्नुहुन्छ, जसरी यी पदहरूले व्याख्या गरेको छ ।

यूहन्ना १६:१४ पवित्र आत्माले येशूलाई उचाल्नुहुन्छ

लूका १२:१० येशूले पवित्र आत्मालाई आदर दिनुहुन्छ

फिलिप्पी २:९ पिताले पुत्रको आदर गर्नुहुन्छ

कलस्सी १:१९

यूहन्ना ८:२९; १४:१३; १७:४ पुत्रले पिताको आदर गर्नुहुन्छ

माथिका कुराहरूले यस्तो लाग्ने देखाउँदछ कि जब एउटा व्यक्तिले येशूको नाउँमा बप्तिस्मा लिदाँ पिता र पवित्र आत्मा रमाउनुहुन्छ किनकी उहाँलाई ग्रहण गरियो र उहाँ उचालिनुभयो ।

मानिसहरूको शिक्षाले विभाजन ल्याउँदछ । परमेश्वरको साँचो शिक्षाले एकता गराउँदछ ।

## II. मानिस

### क) मानिसको शुरुवात : मानिस कहाँबाट आयो ?

- उत्पत्ति १:२६–२८; २:७, १८, २१–२५

### ख) शुरुमा सृष्टि गरिँदा मानिसको अवस्था

**१) सिद्ध :**

- पापरहित, विरामी रहित वा मृत्यु रहित, अनन्त ।
- परमेश्वरसँग हिँड्थे । उत्पत्ति १:३१; ३:८

### २) परमेश्वरको स्वरूप वा प्रतिरुपमा बनिएका थिए

- बिकसित वा तिक्ष्ण ज्ञानको सक्षमता । कलस्सी ३:१०
- नैतिक र धार्मिक । एफिसी ४:२४
- स्वतन्त्र – आफ्नो निर्णय गर्न सक्ने । उत्पत्ति २:१६–१७
- अनन्तको प्राणी ।

### ३) तीनवटा भागहरू भएका प्राणी : आत्मा – प्राण – शरीर

- उत्पत्ति २:७ धुलोबाट शरीर । आत्मा र प्राण परमेश्वरको सास (आत्मा) बाट
- गन्ती १६:२२ जकरीया १२:१ १ थेसलोनिकी ५:२३

### ग) किन परमेश्वरले मानिसलाई बनाउनुभयो ?

१) उहाँको **महिमा** गर्नलाई सृष्टि गर्नुभयो । यशैया ४३:७

२) उहाँको **आनन्द** पूर्ण गर्नलाई सृष्टि गर्नुभयो । प्रकाश ४:११

३) उहाँको **स्तुति** र **प्रशंसा** गर्नलाई । एफिसी १:१२; प्रकाश ५:१३–१४

४) उहाँको **छोराछोरी**, परिवार हुन । उहाँ पिता हुनुहुन्छ । यूहन्ना १:१२ एफिसी ३:१४–१५; ४:६ हिब्रू २:१०–१६

५) उहाँको **पुत्रको** निम्ति कलस्सी १:१६

- उहाँको **मण्डली** हुन कलस्सी १:१८
- उहाँको **दुलही** हुन प्रकाश १९:७ २१:२, ९

६) पृथ्वीमाथि **राज्य** गर्नलाई । हिब्रू २:५–८

७) असल **कामहरूको** निम्ति एफिसी २:१०

## घ) के मानिस उहाँको सिद्धतामा रहिरह्यो ?

# III. पाप

## क) परिचय

१) मानिसले पापलाई धेरै सानो बनाउदछँ । हितोपदेश १४:९ “मूर्खले पापको खिल्ली उडाउँछ ।”

हामी पापको संसारमा जन्मियौँ । हामीलाई यही कुरा नै थाहा छ । यो जीवनको चलिरहने सामान्य प्रक्रिया हो । विना प्रश्न हामी यसैमा जीउदछौं ।

२) परमेश्वरको दृष्टिमा पाप धेरै नै खराब छ ।
मत्ती ५:२९–३० “च्यातेर फ्याँक ... काटेर फालिदेऊ”
प्रेरित ५:१–६ हननिया र सफिराको झूट

## ख) पाप के हो ?

१) १ यूहन्ना ३:४ पाप परमेश्वरको नियम विरुद्धको गल्ती हो ।
उदाहरण : मानिसको प्रथम पाप : उत्पत्ति २:१६–१७

पापको दुष्टता हामीलाई देखाउन, परमेश्वरले मानिसलाई व्यवस्था दिनुभयो । व्यवस्थाले धार्मिकता के हो हामीलाई देखाउँछ ।

- रोमी २:१४–१५ हरेक मानिसको हृदयमा व्यवस्था छ तर मानिसको विवेक पोलेर व्यर्थ छ (१ तिमोथी ४:२) । ब्यवस्थालाई स्पष्ट गर्नलाई परमेश्वरले आफ्नो व्यवस्था ढुङ्गाको पाटीमा लेखेर मानिसलाई दिनुभयो ।
- गलाती ३:२४ व्यवस्था हाम्रो शिक्षक बनेको छ । यस्ले हामीलाई के सिकाउनुहुन्छ ?
  - क) रोमी ३:२० व्यवस्थाद्वारा पापको ज्ञान आयो ।
  - ख) रोमी ५:२० व्यवस्थाले पाप के हो सिकाउँदछ ।
  - ग) रोमी ७:७ व्यवस्थाले पाप के हो देखाउँदछ ।
  - घ) रोमी ७:१२ व्यवस्था असल छ ।
  - ङ) यूहन्ना १५:२२ पाप के हो, येशूले हामीलाई भन्नुभयो ।
  - च) यूहन्ना १६:८ पवित्र आत्माले हामीलाई पापको कायल गराउनुहुन्छ ।

२) रोमी ३:२३ पाप परमेश्वरको महिमारहित हुनु हो ।
३) १ शमूएल १५:२३ पाप परमेश्वरको विरुद्धमा विद्रोह हो ।
४) १ यूहन्ना ५:१० पाप अविश्वास हो । यसले परमेश्वरलाई झूटा तुल्याउँछ । रोमी १४ः२३
५) यशैया ५३:६ हाम्रो जीवन आफ्नै शैलिमा जीउनु पाप हो ।
६) १ यूहन्ना ५:१७ सबै अधार्मिकता पाप हो ।

## ग) पापको उत्पत्ति (वा शुरुवात)

१) इजकिएल २८:११–१९
२) यशैया १४:१२–१७ *"सर्वशक्तिमान जत्तिकै"*
साथै २ थेसलोनिकी २:४; प्रकाश १७:४, ५

## घ) संसारमा पापको कसरी प्रवेश भयो ?

१) रोमी ५:१२ एउटा मानिसद्वारा ।
२) उत्पत्ति ३:१–२४ जब आदमले पाप गऱ्यो उसका सन्तान सबै श्रापित भए ।
३) भजन ५१:५; ५८:३ हामीले हाम्रो बालबालिकालाई झूट बोल्न सिकाउनु पर्दैन ।
४) रोमी ५:१८ सबै मानिसहरुलाई पापी भनी न्याय गरिएकोछ ।
५) रोमी ३:२३ सबैले पाप गरेका छन् ।
६) मानिसले पाप गर्दछ कारण स्वभावैले ऊ पापी छ ।

## ङ) पापको परिणामहरू

उत्पत्ति २:१६–१७ "तिमी निश्चय मर्नेछौ" परमेश्वरले भन्नुभएको अर्थ के हो ?

१) **मृत्यु** एफिसी २:१ रोमी ६:२३

मृत्युले मानिसको अस्तित्व मेटाउँदैन; यसले अलग पार्छ ।

क) पापको ज्याला चाहिँ : **आत्मिकी मृत्यु हो** ।

- आत्मा र प्राण परमेश्वरवाट अलग हँदुछ जो जीवन हुनहुन्छ ।
  उत्पत्ति २:१६–१७ यशैया ५९:२ इजकिएल १८:४, २०

ख) पापको ज्याला चाहिँ : **शारीरिक मृत्यु हो** ।

- आत्मा र प्राण शरीरबाट अलग हुँदछ ।
- जसरी रूखबाट हाँगा काटिन्छ, त्यो मर्छ
  उत्पत्ति ३:१९
- जब शरीरले कार्य गर्न बन्द गर्छ र शारीरिक रूपमा मर्दछ, आत्मा र प्राण न्यायको निम्ति परमेश्वरकहाँ फर्किजान्छ । भजनसंग्रह १०४:२९; ९०:१०; उपदेशक १२:७; अयूब ३४:१४–१५ हिब्रू ९:२७

ग) पापको ज्याला चाहिँ : **अनन्त मृत्यु**

- परमेश्वरको दयाबाट अनन्तको लागि अलग्गिनु २ थेसलोनिकी १:८–९ प्रकाश २०:११–१५

तर येशू ख्रीष्टको मृत्युद्वारा एउटा मानिसले क्षमा पाएपछि– **अनन्त जीवन**
लूका २३:४६ प्रेरित ७:५९ यूहन्ना ५:२४ २ कोरिन्थी ५:६–८ फिलिप्पी १:२१–२४ १ थेसलोनिकी ४:१३–१८

२) शैतानको **नियन्त्रणमा** र **पापको दास**

- एफिसी २:१–३ रोमी ६:२०
- २ तिमोथी २:२५–२६ तीतस ३:३
- यूहन्ना ८:३४

३) आदमले **संसार अधिकार गर्नलाई** शैतानलाइ सुम्पिदियो लूका ४:६

४) **आत्मिक सत्यताप्रति अन्धो र बहिरोपना** – समझमा अंध्यारोपन र हृदयमा भ्रटाचार

- यर्मिया १७:९
- १कोरिन्थी २:१४
- २कोरिन्थी ४:४

५) यी कुराहरूले **हृदय भरिएको छ** :

- मूर्तिपूजा रोमी १:२१–२३
- अनैतिकता रोमी १:२४–२७
- खराबि र दुष्टता रोमी १:२८–३२

६) **पाप विश्वव्यापी छ**– सबै मानिसहरू पापको शक्तिको अधीनतामा छन् – कोही पनि धर्मी छैन ।

- भजनसंग्रह १३०:३
- हितोपदेश २०:९
- उपदेशक ७:२०; ९:३
- रोमी ३:९–१२, २३
- याकूब ३:२, ८
- १ यूहन्ना १:८, १०

च) **पाप प्रति मानिसको उत्तर**

| | |
|---|---|
| १) स्वधार्मिकपना | यशैया ६४:६ |
| २) उसले असल जीवन जिउने कोशिश गर्दछ । | तीतस ३:५ |
| ३) ऊ परमेश्वरको ब्यबस्थामा जिउने कोशिश गर्दछ । | मत्ती ५:२१–२२, २७–२८; रोमी १०:३ |
| ४) अरु धर्महरू र बलिदानहरू । | यूहन्ना १४:६ हिब्रू १०:४ |

# IV. मुक्ति

## क) परिचय

१) मुक्तिको अर्थ : हिब्रू शब्द “याशा” जसको अर्थ :

- दुष्टबाट **छुटकारा** पाउनु, थिचोमिचोबाट स्वतन्त्र गराउनु
- **सुरक्षित** राख्नु, उन्नति हुनु
- **पुर्नस्थापित** गराउनु
- **निको** हुनु
- **विजय**को अनुभव गर्नु

२) मुक्ति बाइबलको **सन्देश** र सुसमाचार हो ।

- उत्पत्ति ३:२१
- यशैया ४५:२२–२५
- १ तिमोथी २:३–४

३) मुक्ति **परमेश्वरको योजना** हो, मान्छेको होइन, धर्मको होइन ।

क) भजनसंग्रह २:८ "मुक्ति प्रभुको हो ।"

ख) योना २:९ "मुक्ति प्रभुबाटको हो ।"

ग) प्रेरित ४:१२ एउटै मात्र त्यस्तो व्यक्ति हुनुहुन्छ जसले उद्धार गर्न सक्नुहुन्छ।

घ) यूहन्ना १४:६ एउटै मात्र बाटो – एउटै मात्र उद्धारकर्ता

४) **मानिस मरेको छ** उसले आफैले आफैलाई बचाउन सक्दैन । उसँग आफ्नो पापमय स्वभाव परिवर्तन गर्ने शक्ति छैन । ऊ मरेको छ । उसलाई जीवनको आवश्यकता छ । उसलाई उद्धारकर्ताको आवश्यकता छ ।

- अयूब १४:४
- यूहन्ना ५:४०; ६:४४, ६५; १७:२
- यर्मिया १३:२३
- प्रेरित ११:१८
- मत्ती ७:१६–१८, १९:२५, २६

५) **हामीले परमेश्वरको विरुद्धमा पाप गरेका थियौं ।** भजनसंग्रह ५१:४

परमेश्वरले मात्रै हामीलाई क्षमादिन सक्नुहुन्छ लूका ५:२१

तर परमेश्वर **न्यायी** हुनुहुन्छ । पापको न्याय **गरीनु** नै पर्दछ !

६) **सुसमाचार** के हो ?

- रोमी १:१६–१७
- १ कोरिन्थी १५:१–४ मृत्यु– दफन – पुनरुत्थान
- एफिसी २:८ "किनभने तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौ ।"

ख) **उद्धारकर्ता– येशू ख्रीष्ट**

हिब्रू संज्ञा – "येशू'अब" उद्धारकर्ता हो

मुक्तिलाई एउटा त्यस्तो व्यक्तिको आवश्यकता पर्दछ, जो उद्धार गर्न संक्षम छ ।

परमेश्वरमा मात्रै अधिकार र शक्ति छ ।

- यशैया ४३:३, ११–१३; ४५:२१
- १ यूहन्ना ४:१४ *"पिताले पुत्रलाई संसारको उद्धारकर्ता हुनको लागि पठाउनु भएको थियो ।"*
- मत्ती १:२१; लूका २:३०; ३:६ येशूलाई *परमेश्वको मुक्ति* भनिन्छ ।

## १) येशू ख्रीष्टको **ईश्वरीयता**– उहाँ परमेश्वर हुनुहुन्छ ।

क) पुरानो करारको **यहोवा** नै नयाँ करारको **येशू** हुनुहुन्छ ।

यशैया ४४:६; ४१:४; ४८:१२; प्रकाश १:८, १७; २२:१३

ख) उहाँ **परमेश्वर** हुनुहुन्छ र उहाँले सबै थोक **सृष्टि** गर्नभुएको थियो ।

यूहन्ना १:१–४, १४, १८; कलस्सी १:१६

ग) उहाँले सबैथोक एक साथ **सम्हाल्नुहुन्छ** । हिब्रू १:३ कलस्सी १:१७

घ) उहाँमा **ईश्वरीयता**को पूर्णताले वास गरेको छ : कलस्सी २:९

ङ) **पहिले देखीको अस्तित्वको** बारे वर्णन गरिएको र उहाँ पुरानो करारको यहोवा हुनुहुन्छ ।

यूहन्ना ८:५१–५९ प्रस्थान ३:१४

च) उहाँको एकताको वर्णन वा परमेश्वर पितासँगको एउटै सारत्व ।

यूहन्ना १०:३०, ३१, ३३

छ) पितादवारा **परमेश्वर** भनेर बोलाइएको थियो । हिब्रू १:८

उहाँ पानीमाथि हिँड्नुभो । हावा र छालहरूले उहाँको आज्ञा पालन गरे । विरामीलाई निको पार्नुभयो । मरेकाहरूलाई बौराउनु भयो । अन्धालाई दृष्टि दिनुभयो, बहिरालाई सुन्ने शक्ति दिनुभयो । लङ्गडाहरु हिँडे, भूतहरूलाई धपाउनु भयो । पानीलाई दाखमद्यमा परिवर्तन गराउनु भयो र बालकको खानाले पाँच हजार जनालाई खुवाउनु भएको थियो ।

२) **मानिस बन्नुभयो** । परमेश्वर नै रहनुभयो : परमेश्वरको पुत्र र मानिसको पुत्र । फिलिप्पी २:५–११

क) **परमेश्वरको पुत्र**

किनभने पापपूर्ण मानिलाई मुक्तिको आवश्यकता थियो जसको निम्ति एउटा उद्धारकर्ताको खाँचो थियो र परमेश्वरले मात्रै उद्धार गर्न सक्नुहुन्छ ।

- लूका ५:२०–२४
- १ तिमोथी १:१५ *"येशू संसारमा पापीहरूलाई बचाउन (उद्धार ) गर्न आउनु भएको थियो ।"*

ख) **मानिसको पुत्र**

अ) एउटा सिद्ध (पूर्ण ) बलिदान चाहिन्छ ।

आ) परमेश्वर , येशू ख्रीष्ट, यस संसारमा मानिसको स्वरूपमा जन्मनु भयो ।
यशैया ७:१४; ९:६ लूका १:३१–३५; १९:१०

इ) हामीहरू जस्तै एउटा व्यक्ति बन्नुभएको थियो । हिब्रू २:१४–१७, ४:१४–१५; १ तिमोथी २:३–६

त्रिएत्वको एउटा सदस्य हामीलाई परमेश्वरको परिवारमा प्रतिनिधित्व गराउनको लागि मानिसको परिवारको एउटा सदस्य भएर मानिसको परिवारमा आउनुभएको थियो ।

ई) पाप एकजना मानिसद्वारा आयो । मुक्ति एकजना मानिसद्वारा आयो ।
रोमी ५:१२, १८–१९

उ) आदमले पाप गरे र पापीहरूलाई जन्म दिए । येशूले –("अन्तिम आदम", "दोस्रो मानव") पापरहित जीवन जिउनु भयो र धर्मी मानिसहरूको जन्म दिनुहुन्छ ।
१ कोरिन्थी १५:२१–२२ १ पत्रुस १:२३

## ३) **येशू ख्रीष्टको मृत्यु र रगत बहाइबाट मुक्ति**

### १) उहाँले मेरो **ठाउँ** लिनुभयो– मेरो **प्रतिनिधि**

- रोमी ५:६, ८
- रोमी ८:३२
- यशैया ५३

### २) मेरो पापलाई **क्षमा** गर्नुहुन्छ

- लूका ५:१८–२४ (२०, २४)
- मत्ती २६:२८
- कलस्सी २:१३–१५, मेरो पापलाई क्षमा दिनुहुन्छ
  (यशैया ४३:२५ ४४:२२)
- हिब्रू ९:२२, २६ पापलाई टाढा लैजानुहुन्छ
- हिब्रू १०:१७–१९ बिर्सिदिएको
- १ यूहन्ना १:७; २:१२; ३:५
  रगतले हामीलाई धुन्छ /क्षमा दिन्छ / टाढा लैजान्छ ।
- प्रकाश १:५ हामीलाई छुटकारा दिन्छ
- भजनसंग्रह १०३:३, १०–१२ हाम्रा सबै दुर्वलताहरूलाई क्षमा गर्नुहुन्छ

३) **मलाई छुटकारा दिनुहुन्छ**– खरीद गर्नको लागि आवश्यक पर्ने माले तिरेर किन्नुहुन्छ ।

क) शब्दको अर्थ : बजारमा किन्नु ।
मानिस एउटा दास हो, “पापमा बेचिएको” (रोमी ७:१४) र मृत्युको सजायमा (रोमी ६:२३) तर येशू ख्रीष्टद्वारा किनिएको ।

१ कोरिन्थी ६:१७–२०; ७:२३ भजनसंग्रह १०३:४; यशैया ४३:१–४

ख) सबै मानिसहरूलाई किन्नु भएको कारणले गर्दा उहाँसँग आफूलाई जस्तो इच्छा लाग्दछ त्यही गर्ने अधिकार छ ।
२ पत्रुस २:१ तीतस २:११–१३ हिब्रू २:३

ग) मुल्य : भजनसंग्रह ४९:७–८; प्रकाश ५:९ १पत्रुस १:१८–१९

घ) कतिञ्जेलसम्मको लागि ? हिब्रू ९:१२

४) **मलाई सिद्ध तुल्याउनुहुन्छ** यसरी मलाई धर्मी तुल्याउनुहुन्छ ।
अंगेज़्री बाइबलले एउटा ग्रीक शब्दलाई उल्था गर्नको लागि दइु वटा शब्दहरूको प्रयोग गरेको छ ।

१) **सिद्ध** तुल्याउनु एउटा क्रियापद हो– परमेश्वरले के गर्नु भएको छ ।

२) **धर्मी** एउटा संज्ञा हो– परमेश्वर को हुनुहन्छ अथवा म के हुँ ।

- न्यायी : बैधानिकहरूपले ठीक
- सिद्ध तुल्याउनु : दोषरहित तुल्याउनु, दोषी छैन भनेर घोषणा गर्नु ।
- धर्मी : दोष वा पापरहित । म के हुँ।

**रोमी ३:२१–२८**

क) **पद २१** परमेश्वरको नैतिक धार्मिकता ब्यवस्थामा देखिएको थियो र अहिले त्यो येशू ख्रीष्ट र उहाँको उद्धार गर्ने कार्यमा देखिन्छ ।

ख) **पद २२** परमेश्वरको धार्मिकता **सबैलाई** दिईएको छ जसले **विश्वास** गरेको छ र मुक्ति पाउनको लागि आफ्नो विश्वास येशू ख्रीष्टमा राखेको छ ।

ग) **पद २४** उहाँको अनुग्रहद्धारा प्राप्त गरिएको उपहार, येशू ख्रीष्टको छुटकारा दिने कार्यको कारण विश्वास गर्नेहरूलाई उहाँले वैधानिक रूपमा धर्मी र सिद्ध घोषणा गर्नुहुन्छ । यो एउटा सित्तैंमा पाईने उपहार हो । योग्यरहित व्यक्तिले पाउने उपहार । खरीद गर्न अथवा कुनै पनि तरीकाले प्राप्त गर्न सकिंदैन । उहाँको अनुग्रहबाट मात्रै उहाँले दिनुहुन्छ । एफिसी २:८क

घ) **पद २७–२८**, हामी सिद्ध तुल्याइएका छौं – पापरहित छौं भनेर घोषणा गरीएको छ – हाम्रो आफ्नो प्रयासहरु वा कामहरूले हैन तर येशू ख्रीष्टमा विश्वासद्वारा ।
रोमी ४:१–८ गलाती २:१६ तीतस ३:५

- एउटा अदालतको कठघराबाट दोषरहित सावित हुनु क्षमा पाउनु जस्तै होइन ।
- क्षमा प्राप्त गरिएको भन्नाले म दाषी छु, तर मेरो अपराध गनिएको छैन ।
- न्यायी ठहरिउनु भन्नाले मैले कोशिश गरे र निर्दोष पाईए । र यहि नै येशूले हाम्रो लागि गर्नुभएको छ ।

५) उद्धारकर्ताको मृत्यु : **मेरो पुर्नमिलन**

शब्दको अर्थ : ठीक सम्बन्धलाई  पुर्नस्थापित गराउनु ।

क) **रोमी ५:१०**

१) हामीहरू शत्रुहरू थियौ तर परमेश्वरद्‌वारा एउटा सही र मित्रवत सम्बन्ध स्थापना गर्न परिवर्तित भएका छौ । यो विगतको कुनै समयमा क्रूसमा पापको मूल्य तिरिएको थियो र पापलाई हटाइएको थियो ।

२) पद ११ हामीले उहाँले गर्नु भएको कार्यलाई ग्रहण **गर्नु नै** पर्दछ ।

ख) **कलस्सी १:२०–२२**

ग) **२ कोरिन्थी ५:१७–२१**

१) परमेश्वरद्धारा येशू ख्रीष्टद्‌वारा पूर्ण र सिद्ध रूपमा प्राप्त गरीएको ।

२) हामीलाई यो सु–समाचार हरेकलाई घोषणा गर्न जिम्मेवारी, महान आज्ञा, सेवाकाइ दिईएको छ ।

३) यो संसारको लागि पूरा गरीएको थियो ।

४) हरेक व्यक्तिलाई छनौट गर्न दिईएको छ र हरेकले आफ्नो मनहरुलाई परिवर्तन गरि वर्णन गर्न नसकिने प्रेमलाई प्रतिउत्तर दिनैं पर्छ । यो सत्यतालाई विश्वास नगरेर परमेश्वरको प्रेमलाई इन्कार गर्न सकिन्छ र यसरी अन्धकार र क्रोधमा रहन्छन् । यूहन्ना ३:३६

६) उद्धारकर्ताको मृत्यु : मलाई शुद्ध पार्दछ ।

दुईवटा अर्थहरू :

१) **छुट्याइएको**, अलग राखिएको,  साधारण अवस्थाबाट वा प्रयोगबाट समर्पित गरिएको ।

प्रस्थान १३:२ प्रस्थानमा : एक दिन, एउटा पर्वत, एउटा वेदी र जनावरहरू शुद्ध पारिएका थिए । “परमेश्वरको लागि छुट्याइएको थियो ।”

**हिब्रू ९:१९–२२**

२) चरीत्रमा **शुद्धता**– पवित्र । लेवी २०:२६

(म हुँ )

क) **स्थान – ख्रीष्टमा अलग राखिनु । उहाँले यसलाई गर्नुभएको थियो । भूतकालमा सकिएको कार्य ।**

१) प्रेरित २६:१८; २०:३२ तब हुन्छ जब शुद्ध पारिन्छ।
२) १ कोरिन्थी १:२ सबै विश्वासीहरू समावेश छन् ।
३) १ कोरिन्थी १:३० उहाँको कार्य– उहाँको दायित्व ।
४) १ कोरिन्थी ६:११ पूरा गरीएको, गरीसकिएको ।
५) २ थेसलोनिकी २:१३ मुक्तिको लागि प्रवेश ।
६) हिब्रू १०:१०; १३:२ क्रूस मा पूरा गरीएको
७) कलस्सी १:२२ क्रूस मा पूरा गरीएको
८) १ पत्रुस १:२ पूर्वगामी हुन र आज्ञाकारी हुनको लागि हौसला दिन्छ ।

(बन्दैछ )

ख) **प्रगतीशिल – ख्रीष्ट तपाईंमा – मेरो दायित्व**

१) १ पत्रुस १:१४–१६ आज्ञाकारीताद्वारा । व्यवस्था २३:१४
२) हिब्रू १०:१४ उहाँको जारी रहेको कार्य (**शुद्ध भईरहेको** )
३) २ कोरिन्थी ७:१ हाम्रो दायित्व
४) २ तिमोथी २:२१ हाम्रो दायित्व
५) १ थेसलोनिकी ४:३–८ यस्तो हामीले गरुन् भन्ने उहाँको इच्छा हो ।
६) १ यूहन्ना ३:२–३ उहाँ जस्तै बन्नको लागि हाम्रो चाहनाद्वारा शुरु हुन्छ ।

७) येशू ख्रीष्टको मृत्यु र उहाँको रगतले **मलाई निको पारेको थियो ।**

क) यशैया ५३:४, ५
ख) मत्ती ८:१७
ग) १ पत्रुस २:२४

४) येशू ख्रीष्टमा विश्वास र भरोसाको समयमा :

क) परमेश्वरले व्यक्ति **न्यायी** र **धर्मी** भनेर घोषणा गर्नुहुन्छ र उसलाई उहाँको धार्मिकता दिनुहुन्छ ।

रोमी ३:२२, ४६ २ कोरिन्थी ५:२१

ख) अहिले धर्मी भइसकेपछि पवित्र आत्मा त्यो व्यक्ति**मा** वास गर्नुहुन्छ । रोमी ८:९-११
१ कोरिन्थी ३:१६, ६:१९

यो **आत्माद्वारा जन्मिनु** हो यूहन्ना ३:५-८
अथवा "**पुनः जन्मनु** हो" १पत्रुस १:२३; तीतस ३:५

ग) यही समयमा हामीहरूले अन्धकारको शक्तिबाट **छुटकारा** पाउँदछौं र उहाँको पुत्रको राज्यभित्र **प्रवेश/परिवर्तन** गराइन्छौं ।
कलस्सी १:१३

र अब **"ख्रीष्टमा"** छौं भनेर सम्बोधन गरीन्छ ।
एफिसी १:१ २ कोरिन्थी ५:१७
मृत्युभन्दा बाहिर र **जीवनमा** । यूहन्ना ५:२४ एफिसी २:१, ५

घ) **उहाँको सन्तान** बनाइयौं । यूहन्ना १:१२

ङ) एउटा "नयाँ हृदय" प्राप्त गर्दछौं इजकिएल ३६:२६-२७

च) पवित्र आत्माको प्रकाशद्वारा परमेश्वरले राज्यको रहस्यहरुलाई प्रकट गराइदिनु हुन्छ ।

मत्ती ११:२५-२७; १३:१०, ११, १६; १६:१५-१७; १ कोरिन्थी २१४

छ) पापको निम्ति येशू ख्रीष्टको **रगत मात्र** परमेश्वरद्वारा स्वीकार गरियो ।

दुवैको लागि (१) अनन्त जीवन र (२) दैनिक संगती

१) येशू खीष्टले आफ्नो कूरसमा बहाइएको **रगतद्वारा पवित्र** परमेश्वरलाई पापको न्यायको निम्ति माग गरेअनुसारको ठीक र पूर्ण सन्तुष्टि दिनुभएको थियो ।

रोमी ३:२५–२६; १यूहन्ना २:२; ४:१०

संसारको पापको लागि रगत नै सन्तुष्टि हो ।

२) **रगत** परमेश्वरको लागि हो       प्रस्थान १२:१३       लेवी १७:११

३) उहाँको धार्मिकतामा एउटा सुहाउँदो बलिदान हुनु नै पर्दथ्यो वा उहाँ न्यायी हुनुहुन्न, येशूलाई विश्वासगर्नहेरूको पापलाई क्षमा दिन ‘वधौनिक तरीकाले ठीक’ हो ।

हिब्रू २:१४, १५, १७

लेवी १६ प्रायश्चितको दिन ।   १४–२२, २९–३०

प्रधान पूजाहारीले मात्र परमेश्वरको अगाडि रगत लिएर जाने गर्दथियो ।

मत्ती २७:५०–५१       हिब्रू ९:११–१६, २४–२६

येशू ख्रीष्टले प्रधान पूजाहरीको कार्यहरू गरेर पापको निम्ति परमेश्वरलाई सन्तुष्टि पार्नुभयो । पापलाई हटाएर, विश्वास गर्नेहरुलाई बन्धन, मृत्य र दुष्टबाट स्वतन्त्र गराउनुहुन्छ ।

४) **रगतको** कारणले गर्दा – उहाँको धार्मिकता र अनन्त जीवन प्राप्त गर्न परमेश्वरको अगाडि पाप प्रश्न भन्दा बाहिरको कुरा हुन आउछँ । प्रश्न यो छ : के तपाईले उहाँको पुत्र येशू ख्रीष्टमा र उहाँको अमूल्य रगतमा विश्वास र **भरोसा** गर्नुभएको छ ?

१) हिब्रू १०:१९–२२ उहाँको **रगतले मात्र** हामीलाई सन्तुष्टि दिनु नै पर्दछ ।

२) १ पत्रुस १:१८–१९   उहाँको मूल्याकङ्कनलाई पनि स्वीकार गर्नु पर्दछ ।

५) म **परमेश्वर**कहाँ **रगतद्वारा मात्र पुग्न** सक्छु । मेरो काम वा आफ्नो शक्तिले होइन ।

जब म पाप गर्दछु र मेरो विवेकमा म आफैलाई दोषी महसुस गर्दछु र “शैतान” ले मलाई दोषी ठहराउँदछ । उसले मलाई यसरी आरोप लाउँछ– “तैंले पाप गरेको छस् !” “तँ हारेको छस् !” आदि ।

म निराश बन्न पुग्दछु, हार्दछु ... त्यसो भएमा म आफ्नै धार्मिकता र आफ्नै तरिकाले शुद्ध हुने कुरातिर लागी रहेको हुन्छु र उहाँको रगतमा म विश्वास गर्दिन ।

मैले के गर्नुपर्छ ???

म केवल येशू ख्रीष्टको रगताको छेऊमा फर्किनु पर्दछ ।

क) केवल **रगतले मात्र** मेरो पापहरु शुद्ध पार्न सक्दछ :
हिब्रू १०:१०–१८ १ यूहन्ना १:५–१०

रगतद्वारा मेरो **सम्बन्ध** परमेश्वरसँग **स्थापित भएकोथियो** ।

रगतद्वारा परमेश्वरसँग मेरो **संगती** कायम भएको छ ।

उहाँको रगतले मात्र हामीलाई सन्तुष्ट पार्छ ।

ख) केवल **रगतले मात्र** मेरो विवेकमा लागेको दोषबाट शुद्ध पार्दछ ।
हिब्रू ९:१४; १०:१९–२२

ग) केवल **रगतले मात्र** "शैतान" माथि विजय दिँदछ ।
प्रकाश १२:१०–११

हामीले अवश्य पनि उहाँको मूल्याकङ्कनलाइ ग्रहण गर्नुपर्दछ : १पत्रुस १:१८–१९

यती ठूलो मुक्तिलाई इन्कार गरेर हामी कसरी बच्न सक्छौं र ?
हिब्रू २:३ रोमी ८:३१–३४

**घ) येशू ख्रीष्ट, मुक्तिदाताको बौरी उठाई ।**

१) १ कोरिन्थी १५:४–६, १२–२३, ३५–३८; ४२–४४, ४९–५७

२) मत्ती २७:५०–५३, ६२–६६; २८:६–७, ११–१५

३) चेलाहरूले बौरी उठाईको दिनमा नयाँ जन्म पाए :
यूहन्ना २०:१९–२२; रोमी ६:४

४) चेलाहरू गएर बौरी उठाईको प्रचार गरे :
प्रेरित २:२४, ३१–३२; ३:१५, २६; ४:२, १०, ३३; ५:३०; १०:४०; १३:३०, ३३–३४,३७; १७:३१–३२ २३:६; २४:१५; २६:२३

५) रोमी १:४ शक्तिको साथमा परमेश्वरको पुत्र भनी घोषणा गर्नुभयो ।

६) रोमी ४:२५ उहाँको बलिदान, मृत्यु र रगत बगाईलाई स्वीकार गरिएको घोषणा, पापलाई **हाटाईयो** ।

७) रोमी ५:१० क्रोधबाट बाँचाईएकाले अब हामी उहाँको सधै उपस्थित रहने पुनरुत्थानको जीवनमा बाँचाईनु पर्दछ ।

८) यूहन्ना १४:१९ जति जना उहाँको रगतद्वारा धर्मी भएका छन् , तिनीहरू पनि अनन्त जीवनमा उठ्नेछन् र उहाँलाई देख्नेछन् ।

## ङ) विराजमान हुनुभएको मुक्तिदाता, येशू ख्रीष्ट ।

१) फिलिप्पी २:६–११ हिब्रू १:३

२) हिब्रू ९:२१–२४ उहाँले हाम्रो निम्ति आफ्नै रगत लिएर महा पवित्र, स्वर्गमा जानुभयो, त्यसैकारण हामी यस पवित्र ठाउँमा पस्न सक्छौं ।

३) हिब्रू १०:१९

४) हिबूर ५:१–५ उहाँद्धारा हारूनको पूजाहारीपनको समय र बलिदान सकिएको थियो । अब उहाँ मल्किसदेकको पूजाहारीपनको सेवाकाई गर्नलाई प्रवेश गर्न भयो, जुन चाहिँ हाम्रो निम्ति उहाँले गर्नु हुने अन्तर्विन्ती हो । हाम्रो मुक्तिलाई पुरा र पूर्ण गर्न ।

हिब्रू ७:२५ उदाहरण यूहन्ना १७
रोमी ८:३४–३९ १ यूहन्ना २:१

सिद्ध पूजाहारीले सिद्ध बलिदान दिनुभयो र सिद्ध अन्तर्विन्ती गरिरहनु भएको छ र हामीलाई सिद्ध मुक्ति ल्याउनुहुनेछ ।

## च) मुक्तिदाताबाट उद्धार प्राप्त गर्नु।

१) हिब्रू २:१–४ यदि हामीले यती महान् मुक्तिलाई इन्कार गऱ्यौं भने हामी पाप – न्याय – क्रोध – मृत्यबाट अवश्य पनि उम्कनेछैनौं ।

२) तीतस २:११ परमेश्वरको अनुग्रहले सबै मानिसको निम्ति मुक्ति ल्याएको छ ।

३) प्रेरित १६:३० "उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?"
उत्तर : रोमी १:१६ मुक्तिको निम्ति परमेश्वरको शक्ति सुसमाचारको सुनाई र विश्वासद्वारा आउँदछ ।

४) रोमी १०:९–१८ विश्वास गर्नुहोस र पश्चात्ताप गर्नुहोस ।
यदि तपाईंले विश्वास गर्नुभयो भने तब :

- आज्ञाकारी यूहन्ना १४:१५, २१, २३, २४ हिब्रू ५:९ ११:६–८
- पश्चात्ताप– पापबाट पछाडि फर्कनु

२ कोरिन्थी ७:९–१०; लूका ५:३२; २४:४७ प्रेरित २:३८; ११:१८ १ थेसलोनिकी १:९, १० २ पत्रुस ३:९

५) यूहन्ना १:१२ विश्वास र पश्चात्ताप गर्नु नै येशूलाई **ग्रहण** गर्नु हो ।

६) जब कसैले विश्वास गर्छ र ग्रहण गर्छ, उसले "**नयाँ जन्म** पाउँछ" ।

७) भजनसंग्रह ११६:१–१३

## I. मुक्तिको भूतकाल, वर्तमानकाल र भविष्यकाल ।

### १) **मैले उद्धार** पाएको छु । अनन्त मुक्ति

क) **पापको सजाय**बाट– मृत्यु एफिसी २:१–९ यूहन्ना ५:२४

ख) कहिले ? जब मैले सुसमाचार माथि **विश्वास** गरें रोमी १:१६

ग) मेरो भाग– **विश्वास** रोमी ३:२२, २४, २६, २८; ४:५
१ कोरिन्थी १:२१ २ तिमोथी १:९ तीतस ३:५

घ) यो '**निर्दोषीकरण**' को सिद्धान्त हो ।

रोमी ५:९ उहाँको रगतद्वारा ५:१० उहाँको मृत्युद्वारा ।

ङ) तपाईं **"खी्रष्टमा"** यूहन्ना १०:२८–२९ रोमी ८:१
१ कोरिन्थी १:२, ३०; १५:२२

२) म उद्धार पाउने क्रममै छु । दिनानु दिनको मुक्ति–

क) पापको **शक्ति**बाट : रोमी ६:२–२३

ख) कहिले ? मेरो क्रूस उठाएर लूका ९:२३

ग) मेरो भाग : आज्ञाकारिता १ पत्रुस १:२२; २:२ लूका ६:४६–४९

घ) यो **"शुद्धिकरणको"** सिद्धान्त हो :

क) १ कोरिन्थी १:१८

ख) २ कोरिन्थी २:१५

ग) फिलिप्पी २:१२

घ) १ तिमोथी ४:१६

ङ) याकूब १:२१

ङ) **"तपाईंमा ख्रीष्ट"** गलाती २:२०; ४:१९

पापले शैतानको आक्रमणलाई अनुमति दिँदछ : लूका २२:३१ एफिसी ४:२७

उसले तपाईलाई आकम्रण गरेर घायल बनाउँदछ, हानी पुर्याउँछ र समस्या ल्याउँदछ तर तपाइले तपाईंको आनन्तको मुक्तिलाई गुमाउनुहुन्न, किनकि येशू ख्रीष्ट जो प्रधान पूजाहारी हुनुहुन्छ उहाँको अन्तर्विन्तीले, जो उहाँको रगतद्वारा तपाईंको निम्ती प्राप्त गर्नुभएको छ । हिब्रू ७:२५

३) मैले **उद्धार पाउनेछु** । रोमी १३:११ हिब्रू ९:२८ १ पत्रुस १:५

क) पापहरुको **उपस्थितिबाट :** मेरो शरीरको छुटकाराद्वारा

क) मृत्युद्वारा फिलिप्पी १:२१–२४ २ कोरिन्थी ५:६–८

ख) प्रभुको आगमनद्वारा : १ थेसलोनिकी ४:१३–१८
१ कोरिन्थी १५:५०–५७; ३५–४४ रोमी ८:११, १६–२३

ख) कहिले ? अन्तिम तुरहीको सोरमा

ग) मेरो भाग : **धीरज, सहनशिलता**
मत्ती १०:२२; २४१३ रोमी २:७; ५:३; ८:२५; १५:४
२ थेसलोनिकी १:४ १ तिमोथी ६:११ २ तिमोथी ३:१०
हिब्रू १०:३२–३९ याकूब १:१२ २ पत्रुस १:५, ६ प्रकाश ३:१०

घ) यो **"महिमा"** को सिद्धान्त हो । फिलिप्पी ३:२०–२१

ङ) **जो परमेश्वरले शुरु गर्नुहुन्छ, उहाँले अन्त पनि गर्नुहुन्छ**

प्रकाश २१:१–८ रोमी ८:२९–३०
एफिसी १:९–११ हिब्रू १२:२